नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिमप्रदेश, नेपाल

# बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७७/०५/१७

नौगाड गाउँपालिकाको कार्यालयले आ व २०७७।०७८ मा सम्पन्न गर्ने गरि देहाय बमोजिमका योजनाहरुको निर्माण कार्य गर्नु परेको हुदा सो कार्य गर्न इच्छुक योग्य बोलपत्रदाताबाट निम्न बमोजिमका सर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्न हुन यो सुचना प्रकाशन गरिएको छ।

| क्र. स. | बोलपत्र न. | योजनाको नाम | योजनाको कुल लागत मु.अ.कर बाहेक | बोलपत्र जमानत | बोलपत्र दस्तुर | बोलपत्र मान्य हुने अवधो | बोलपत्र जमानत मान्य अवधी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | **02/ 77-78/ CWODHP/NRM** | श्री धुलिगडा स्वास्थ्य चौकी भवन निर्माण योजना | 84,97,131.900 | 2,13,000 | ३००० | ९० दिन | १२० दिन | |
| २ | **03/ 77-78/ CWOKDS/NRM** | श्री खालिडाडा विद्यालय भवन निर्माण योजना | 3,399,630.71 | 85,000 | ३००० | ९० दिन | १२० दिन | |

१. बोलपत्र फारम र सोसंग (Specification)यो सुचना प्रकाशित भएको मितिले तिस दिन सम्म फर्म र कम्पनीले नेपाल सरकारबाट इजाजत प्राप्त प्रमाणपत्र, VAT दर्ता प्रमाणपत्र, आ व २०७५।०७६ सम्मको कर चुक्ताको प्रमाणत्पत्र प्रतिलिपी, कालो सुचीमा नपरेको स्वयः घोषणा पत्र संलग्न राखि **रु १०। को टिकट** टासी कार्यालय समयमा यस गाउँपालिकाको ग्लोबल आइएमई बैंक होपरीगाड शाखामा रहेको ग.१.१ आन्तरिक राजश्व खता **नौगाड S४०४०१००००००७ मा नगद रुः ३०००। (फिर्ता नहुने गरी)** जम्मा गर्नु पर्ने छ।

२. बोलपत्र फाराम माथी उल्लेखित मिति र समयमा उपस्थित बोलपत्रदाता वा अधिकार प्राप्त प्रतिनिधीको रहोबरमा यस कार्यालयमा खोलिने छ पनि तर बोलपत्रदाता वा प्रतिनिधी उपस्थित नभए बोलपत्र खोल्न बाधा पुग्ने छैन।

३. बोलपत्र पेश गर्दा माथि उल्लेखित रकम बराबरको "क" वर्गको बैंकबाट बोलपत्र पेश गर्न अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको सम्वन्धीत योजनाको नामको बोलपत्र जमानत **(विडवन्ड)** संलग्न हुनुपर्ने छ। वा उक्त विडवन्ड रकम यस कार्यालयको ग्लोबल आइएमई बैंक होपरीगाड शाखाको ग.३ धरौटी खाता न. S४०४०१००००००४ मा जम्मा गरेको सक्कलप्रति बैंक भौंचर बोलपत्र साथ पेश गर्नु पर्ने छ।

४. वोलपत्रमा दरभाउ अंक र अक्षरमा दुबैमा अनिवार्य उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ।

५. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कुनै कार्वाही हुने छैन।

६. प्रचलित ऐन नियमानुसार लाग्ने सम्पर्ण कर बोलपत्र दाताले नै व्यहोर्नु पर्ने छ। साथै कुनै पनि कारण जनाई वा नजनाई सम्पुर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकाको कार्यलयमा निहित हुने छ।

७. दुबै ठेक्काहरुको Pre-Bid Meeting २०७७/०६/०६ गते दिउसो २:०० बजे नौगाड गाउँपालिकाको कार्यालय होपरीगाड दार्चुलामा बस्ने छ।

८. बोलपत्र खरिद गर्ने अन्तिम मिति प्रथम पटक सुनचा प्रकाशित भएको मितिले ३० दिन, मिति २०७७/०६/१५ गते कार्यालय समय भित्र हुने छ।

९. बोलपत्र पेश गर्ने मिति, समय र स्थान प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३१औ दिन (मिति २०७७/०६/१६ गते) को १२:०० बजे भित्र नौगाड गाउँपालिकाको कार्यालय होपरीगाडमा पेश गर्नु पर्ने छ।

१०. बोलपत्र खोल्ने समय प्रथम पटक सुचना प्रकाशित मितिले ३१ औ दिनको २:०० बजे रहने छ।

११. बोलपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट सोहि समय र स्थानमा सो काम हुने छ।

१२. यस सुचनामा उल्लेख भएका कुराहरु यसै सुचना बमोजिम र सुचनामा उल्लेख नभएका कुरा प्रचलित ऐन नियमानुरसार हुने छ।

१३. थप जानकारीका लागी मोबाईल न. ९८४८७५३७२५,९८५११९११४२,९८४८६७९४७, ९८४८८४०६८४।

प्रमुख प्रशासकीय अधिकृत

प्रितम सिंह ठगुन्ना
नि. प्रमुख प्रशासकीय अधिकृत